**२.३.४ सामाजिक विकास तर्फको बजेट तथा कार्यक्रम**

आ.व.२०७५।०७६ मा यस नगरपालिकाले सामाजिक विकास मार्फत मानव विकास सुचकांकमा अभिबृद्धि गर्ने लक्ष्यका साथ शिक्षा, स्वास्थ्य खानेपानी लगायतका क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान बाहेकवित्तिय सामानीकरणबाट ३ करोड ९९ लाख ६ हजार रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- **शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रमः-** यस नगरपालिका स्थित सम्पूर्ण विद्यालयहरुको परिक्षा प्रणालीमा एकरुपता ल्याउन कक्षा १ देखि १० सम्मको एकिकृत प्रश्न पत्र निमार्ण कार्यलाई अगाडि बढाउनका साथै सम्पूर्ण विद्यालयहरुको **एकिकृत शैक्षिक क्यालेण्डर निमार्ण** गरिनुका साथै सम्पूर्ण विद्यालयहरुमा **E-attendance system** लागु गरि शिक्षकहरुलाई जवाफदेहि बनाइने छ । विद्यालयहरुको भौतिक पूर्वाधार निमार्ण कार्य अगाडि बढाउन विद्यालयहरुको भौतिक संरचना निमार्णका लागि जग्गा खरिद तथा डि.पि.आर.तयार गरिने छ । यस न.पा.को विद्यालयहरुम शिकाइ उपलब्धि अन्तन्त न्यून रहेकोमा सोका विभिन्न कारकहरु पहिचान गरि सुधारका लागि **सन्र्दभ सामग्री सहित**को सिकाईलाई लागू गर्न आवश्यक पहल गरिने छ ।

- **स्वास्थ्य सेवा सुधार कार्यक्रमः**स्वास्थ्य चौकिहरुको स्तरोउन्नति एवं सुधारलागि आवश्यक पूर्वाधार निमार्ण, उपकरण खरिद लगायतका कार्यलाईअगाडि बढाउन संघ, प्रदेश तथा गैरसरकारी क्षेत्रसंग समन्वय गरिने छ । आगामी आ.व.मा नगरपालिकाको १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र निमार्णका लागि पहल गरिने छ ।

  बृद्ध अशक्त एवं असाहायलाई मध्यनजर गरि **निशुल्क स्वास्थ्य शिविर** संचालन गरिने छ । यस न.पा.भित्रका स्वास्थ्य चौकिहरुमा निशुल्क रुपमा पाइने औषधिहरुप्रयाप्तमात्रामा उपलब्ध गराइने छ । नगरपालिकालाई पूर्ण संस्थागत सुत्केरी नगरपालिकाको रुपमा अगाडी बढाउन संस्थागत क्षमता अभिबृद्धि गरिने छ ।
- विकासको प्रतिफल सम्पूर्ण नगरबासीहरुमा न्यायोचित ढंगले वितरण गर्ने लक्ष्यका साथ अपाङ्ग, दलित, महिला, आदिवासी जनजाती लगायतको उत्थानका लागि **लक्षीत बर्ग कार्यक्रम संचालन** गरिने छ ।

**२.३.५पूर्वाधार बिकास**

**पूर्वाधार बिकास नीति**

- जनताको आधारभुत आवास सेवाको प्रत्याभुति गर्ने ।
- पालिका स्तरिय सडक सञ्जालको विस्तार गर्ने ।
- भवन निमार्ण लाई ब्यवस्थित गर्न भवन निमार्ण संहिता निमार्ण गर्ने ।
- विद्युत उत्पादन तथा लाइन विस्तार गर्ने ।
- गुणस्तरिय सञ्चार सेवा सुनिश्चिता गर्ने ।

**२.३.६पूर्वाधार बिकास क्षेत्र :**

आ.व.२०७५।०७६ मा यस नगरपालिकाले पूर्वाधार निमार्णलाई उच्च प्राथमिकतामा राखि पूजि निमार्णको कार्यलाई तदारुपताका साथ अगाडि बढाउन क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त